तत्काल जारीको लागि
मिति: जुलाई २१, २०२५
सम्पर्क: team.utpsn@gmail.com

UNITED FOR TPS NEPAL
UTPSN
हाम्रो लागि हामी नै !
For Us, By Us!

---

अत्यन्तै जरुरी सूचना: नेपालका लागि **TPS** मुद्दाको पहिलो सुनुवाइ जुलाई २९, २०२५ मा

**UTPSN** ले अमेरिकामा रहेका सम्पूर्ण नेपाली **TPS** होल्डरहरूलाई तुरुन्तै **NTPSA** सदस्य बन्न आह्वान गर्दछ

नेपालका लागि Temporary Protected Status (TPS) को अवैध रूपमा अन्त्य गरिएपछि त्यसविरुद्ध दायर गरिएको मुद्दाको पहिलो चरणको अदालती सुनुवाई मंगलबार, जुलाई २९, २०२५, दिउँसो २:०० बजे तोकिएको छ। यो मुद्दाले अमेरिका भरि रहेका झण्डै ७,८०० जना नेपाली **TPS** होल्डरहरूको जीवनीमा गम्भीर असर पार्न सक्ने सम्भावना रहेको छ।

अदालतमा प्रस्तुत गरेको आधिकारिक जवाफमा अमेरिकी सरकारले भनेको छ कि यदि अदालतले राहत प्रदान गरे पनि त्यो सीमित दायरामा मात्र हुनुपर्छ। सरकारले स्पष्ट रूपमा भनेको छ:

> "यदि अदालतले वादीहरूलाई राहत दिन्छ भने, त्यो आदेश केवल व्यक्तिगत वादीहरूमा (वा बढीमा NTPSA का सदस्यहरूमा) मात्र सीमित हुनुपर्छ।"

यसको अर्थ यदि अदालतको फैसला हाम्रो पक्षमा आयो भने पनि, केवल मुद्दामा नाम भएका वादीहरू वा "नेशनल **TPS** अलायन्स" **(NTPSA)** मा दर्ता भएका सदस्यहरूलाई मात्र कानुनी सुरक्षा प्राप्त हुने सम्भावना छ।

आजै **NTPSA** सदस्य बन्नुहोस्**!**

यो अवस्थालाई मध्यनजर गर्दै, अमेरिकामा रहेका सबै नेपाली **TPS** होल्डरहरूलाई तुरुन्तै **NTPSA** को सदस्य बन्न **UTPSN** आग्रह गर्दछ।

सदस्यता निःशुल्क, सरल र अत्यन्तै आवश्यक छ। सदस्यता लिएपछि तपाईंले निम्न लाभहरूको भागेदार हुन सक्नुहुनेछ:

- यो मुद्दा र अन्य कानुनी लडाईहरूमा नेपाली TPS होल्डरहरूको कानुनी तथा राजनीतिक शक्ति मजबुत हुनेछ।
- यदि अदालतको आदेश NTPSA सदस्यहरूमा सीमित भयो भने तपाईं त्यस सुरक्षा दायराभित्र पर्नुहुनेछ।
- मुद्दासम्बन्धी समाचार तथा वकालत गतिविधिहरूको जानकारी समयमै प्राप्त गर्नुहुनेछ।
- TPS संरक्षणका लागि चलिरहेको देशव्यापी आन्दोलनसँग जोडिएर एकताबद्ध रूपमा लड्न सक्नुहुनेछ।

🔗 आजै **NTPSA** को सदस्य बन्नुहोस्:
https://actionnetwork.org/forms/solicitud-de-membresia-membership-application

---

***United for TPS Nepal (UTPSN)***
अमेरिकामा रहेका नेपाली *TPS* होल्डरहरूको गरिमा, अधिकार र भविष्यको पक्षमा आवाज उठाउने हाम्रो अभियान जारी छ।
हामी एकजुट होऔं, छिटो एक्शनमा लागौं, र हाम्रो समुदायको संरक्षण गरौं।
यो मुद्दाको परिणामले हाम्रो भविष्यलाई गम्भीर असर पार्न सक्छ।